नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(प्रशासन शाखा)

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :- प्रशासन/२०७९/८०
च.नं. 456

मितिः २०७९/०८/१८

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।
श्री पुरातत्व विभाग, रामशाह पथ, काठमाडौं ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं ।
श्री भाषा आयोग, शङ्खमुल, काठमाडौं ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी ।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं ।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं ।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं ।
श्री सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा ।
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, काठमाडौं
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौं ।
श्री नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, काठमाडौं ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं ।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, ललितपुर
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ ।
श्री पाथीभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।
श्री केचना कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम ।
श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ ।
श्री नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, काठमाडौं ।
श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं ।
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा ।

विषयः <u>सिफारिस कार्यान्वयन सम्बन्धमा ।</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रा.स./४२१/२५३९ मिति २०७९/०८/०६ को पत्रमार्फत सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति (राष्ट्रिय सभा) को प्रतिवेदनमा उल्लिखित सिफारिसहरु कार्यान्वयनका लागि लेखी आएको हुँदा तहाँ निकायसँग सम्बन्धित प्रतिवेदनको सुझाव एवं क्रियाकलापहरु आवश्यक कार्यान्वयनको लागि पठाइएको छ । सुझाव कार्यान्वयन र नियमित प्रगति प्रतिवेदन गर्ने कार्यको लागि यस मन्त्रालयको मिति २०७९/०८/१८ को निर्णय अनुसार अनुरोध छ ।

(प्रविनहाङ योङहाङ)
शाखा अधिकृत

**बोधार्थः**

श्री पर्यटन महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री नागरिक उड्डयन महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री संस्कृति महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री योजना तथा वैदेशिक सहायता शाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री अनुगमन तथा मूल्याङ्कन शाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री कानुन शाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

संघीय संसद, राष्ट्रिय सभाद्वारा गठित संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकार निकायलाई कार्यान्वयनको लागि गरेका सिफारिसहरू

**(संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित विषयहरू)**

| क्र.सं. | विषय/क्षेत्र | सुझाव/क्रियाकलाप | समय सीमा | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| **संयुक्त समितिको निर्माण र समितिको निर्देशनको कार्यान्वयनसँग सम्बन्धित** | | | | | |
| १ | समितिको निर्देशन | सरकारलाई जनताप्रति उत्तरदायी बनाई शासन व्यवस्थाप्रति नागरिकको भरोसा बढाउन लगायतका लागि गठित संघीय संसद र प्रदेश संसदका समितिका निर्देशनको कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने । | निरन्तर | | निर्देशनको प्रकृति अनुसार एक हप्ताभित्रमा कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्ने । |
| **विकेन्द्रिकरण योजनासँग सम्बन्धित** | | | | | |
| २ | विकेन्द्रीकरण योजना | सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन संघीय सरकारले आफ्नो अधिकार क्षेत्रमा परेका कार्यजिम्मेवारी प्रदेश र स्थानीय तह र प्रदेशले स्थानीय तहमा निक्षेपण वा प्रत्यायोजन गर्न विकेन्द्रीकरण योजना बनाई उपयुक्त तहमा आफूलाई प्राप्त अधिकार, स्रोत साधन वा कर्मचारी तथा प्राविधिक सहयोग उपलब्ध गराउन कानूनी र नीतिगत व्यवस्था गर्ने । | २०८० कार्तिक | | |
| **सुशासन, सेवा प्रवाह र मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित** | | | | | |
| ३ | जनताको सहज पहुँच | सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने । | निरन्तर | | तीनै तहका सरकारको समन्वय र सहकार्यमा आवश्यक कानूनी र नीतिगत व्यवस्था निर्माणको नेतृत्व प्रधानमन्त्री कार्यालयले गर्ने । |
| ४ | जवाफदेहिता सम्बन्धी कानून | तीनै तहका सरकारका सबै निकायले नागरिकप्रतिको जवाफदेहिताको औजारहरु अनिवार्य रुपमा प्रयोग गरी पारदर्शिता र विश्वसनीयता स्थापित गर्ने र कर्मचारीहरुको निमित्त जवाफदेहिता सम्बन्धी कानून बनाउने । | २०८० असार | | |
| ५ | सेवाग्राहीको भिडभाड र सेवा | सेवाग्राहीको बढी भिडभाड हुने मालपोत, नापी, यातायात, भन्सार, वैदेशिक रोजगार, कर, जिल्ला प्रशासन, गाउँपालिका, नगरपालिका लगायतका कार्यालय तथा निकायहरुले प्रदान गर्ने सेवालाई छिटो छरितो, विश्वसनीय र सहज बनाउन अनलाइन, सेवाग्राही सहायता कक्ष, सिसिक्यामरा लगायतका विधी प्रयोग गर्ने । बिचौलियाहरुको प्रवेशमा पूर्ण रोक लगाउने । अनुगमन र निगरानीलाई प्रभावकारी बनाउने । | २०८० वैशाख | | |
| ६ | विभेद र हिंसाको निराकरण | फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, महिला, दलित लगायतमा गरिने विभेद र सबै प्रकारको हिंसा र दुर्व्यवहार नियन्त्रण र निराकरणका लागि भरपर्दो र विश्वासयोग्य वातावरण निर्माण गर्ने । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मौलिक हकको कार्यान्वयन | नागरिकको सामाजिक सुरक्षा, ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन सुरक्षित, मानव अधिकारको प्रत्याभूति सहित सबै मौलिक हकसित सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयन गर्ने। | २०८० असार | | |
| **समतामूलक समाज निर्माणसँग सम्बन्धित** | | | | | |
| ८ | समतामूलक समाज | संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र र समतामूलक समाज निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा जोड दिई तीन तहका सरकारबीचको सम्बन्धलाई प्राथमिकतामा राखेर आर्थिक क्रियाकलाप लगायतका कार्यहरु गर्ने। | निरन्तर | | प्र.म. तथा मं.प. को कार्यालयले समन्वय गर्ने। |
| **संस्थागत संरचनासँग सम्बन्धित** | | | | | |
| ९ | समानान्तर संगठन संरचना | कुनैपनि तहको सरकारले अर्को तहको अधिकार क्षेत्रसँग समानान्तर हुनेगरी संस्थागत संरचनाहरु निर्माण नगर्ने र निर्माण भएकाहरु खारेज गर्ने | २०८० असार | | |
| १० | आयोजना निर्माण | विभिन्न मन्त्रालय तथा निकायहरुमा आयोजना खडा गरी अनावश्यक रुपमा प्रशासनिक खर्च बढाउने प्रवृत्ति देखिएकाले यस्ता अनावश्यक संरचनाहरु हटाउने / खारेज गर्ने। | २०८० असार | | |
| ११ | कार्यालय व्युताउने / फर्काउने | खारेज भएका, खारेज हुने क्रममा रहेका, प्रदेशमा हस्तान्तरित भएका बोर्ड, विकास समिति, प्रतिष्ठान, परियोजनाहरु, आदि व्युताउने, केन्द्रमा नै फर्काउने कार्य अन्त्य गर्ने। | २०७९ माघ | | |
| **अन्तरतह समन्वय र सहकार्यसँग सम्बन्धित** | | | | | |
| १२ | एकल अधिकार विषयका क्षेत्रमा कानून तर्जुमा | संघीय तहले एकल अधिकारका विषयमा कानून बनाउदा प्रदेशसँग र प्रदेशले स्थानीय तहसँग सुझाव लिने अभ्यासको थालनी गर्ने | निरन्तर | | |
| १३ | विधेयक र विषयगत समिति | संघ र प्रदेश र तीनै तहका सरकारका साझा अधिकार सूचिका विषयमा कानून तर्जुमा गर्दा सरकारका तहहरु बीचको कानूनमा तादम्यताका लागि संसदमा विधेयक प्रस्तुत गर्नुभन्दा अगाडि विषयगत समितिमा छलफल गर्ने। | निरन्तर | | |
| **वित्तीय संघीयतासँग सम्बन्धित** | | | | | |
| १४ | शशर्त अनुदानका आयोजनाको बाँडफाँड | संघले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई शशर्त आयोजना पठाउँदा क्रियाकलापगत रुपमा नपठाई विषयगत रुपमा क्षेत्रगत शर्त, लक्ष्य तथा अपेक्षित उपलब्धी तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने। | निरन्तर | | |
| १५ | अनुदानका ढोका | प्रदेश र स्थानीय तहलाई अनुदान बाँडफाँड गर्दा संविधानमा उल्लेखित अनुदान वितरणका चारवटा ढोका (समानीकरण, शशर्त, विशेष र समपूरक) बाहेकका अन्य ढोकाहरु नखोल्ने / प्रयोग नगर्ने। | निरन्तर | | |
| १६ | दीर्घकालीन महत्वका योजना | संघ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनामा समावेश भएका दीर्घकालीन महत्वका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने। | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | नीति तथा कार्यक्रम र बजेट | तीन तहकै सरकारले नीति तथा कार्यक्रम, बजेट र आवधिक योजनाका बीच तादम्यता कायम गर्ने । | निरन्तर | | |
| १८ | बटम टु टप प्लानिङ | तीन तहका सरकारका योजना तथा कार्यक्रमका बीचमा तादम्यता कायम गराउन (बटम टु टप) आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्ने । | निरन्तर | | राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगको समन्वयमा |
| १९ | वार्षिक विकास तथा कार्यक्रम सार्वजनिक | वित्तीय पारदर्शिता तथा आर्थिक अनुशासन कायम गर्न र आयोजना तथा कार्यक्रमहरुको दोहोरोपना अन्त्य लगायतका लागि बजेट प्रस्तुतकै समयमा संघीय तह र प्रदेश तहले मन्त्रालयगत वार्षिक विकास तथा कार्यक्रम सार्वजनिक गर्ने | प्रत्येक वर्ष बजेट पेस गर्ने दिन | | |
| २० | परियोजना बैंक | आयोजनाहरु झुल्कने (सनराइज) तर कहिल्यै नअस्ताउने (सनसेट) प्रवृत्तिको अन्त्य र सहभागितामूलक योजना तर्जुमा विधीबाट आएका परियोजनाहरुको बजेट तर्जुमामा सुनिश्चितता लगायतका लागि तीनै तहका सरकारले आयोजना बैंकको अवधारणालाई कडाइका साथ लागू गर्ने । | | | राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगको समन्वयमा |
| २१ | संघीय र प्रदेश योजनाको सीमा | संघीय सरकारले राष्ट्रिय गौरव र अन्तरप्रादेशिक र प्रदेश सरकारले प्रदेश गौरव र अन्तर स्थानीय तह स्तरीय आयोजना छनौट र कार्यान्वयनको स्पष्ट आधार र मापदण्ड निर्धारण नगरुञ्जेल तपसिल बमोजिमका विकास निर्माणका आयोजनाहरुको बजेटको सीमा तपसिल बमोजिम भन्दा कम नहुने गरी नीतिगत व्यवस्था मिलाउने ।<br>विषयगत क्षेत्र — संघीय तह — प्रदेश तह<br>**आर्थिक**<br>कृषि — ५ करोड — ५० लाख<br>सिंचाइ — ७ करोड — ५० लाख<br>नदी नियन्त्रण — ५ करोड — ५० लाख<br>जलाधार — ५ करोड — ५० लाख<br>उद्योग — ७ करोड — ५० लाख<br>पर्यटन — ५ करोड — ५० लाख<br>**सामाजिक**<br>शिक्षा — ५ करोड — ५० लाख<br>स्वास्थ्य — ५ करोड — ५० लाख<br>खानेपानी — ७ करोड — ५० लाख<br>खेलकुद — ७ करोड — ५० लाख<br>**पूर्वाधार**<br>सडक — १५ करोड — २ करोड<br>भवन — ५ करोड — ५० लाख<br>सहरी विकास — ७ करोड — ५० लाख<br>आवास तथा वस्ती विकास — ५ करोड — ५० लाख | २०८० असार | | योजना आयोगको समन्वयमा |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य विषयसँग सम्बन्धित | | | | | |
| २२ | अनुगमन तथा मूल्यांकन | तीन तहकै सरकारद्वारा जिल्लामा संचालित विभिन्न आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन जिल्ला समन्वय समिति मार्फत गर्ने / गराउने व्यवस्था मिलाउने । | २०८० असार | | प्र.म. कार्यालयले आवश्यक नीतिगत व्यवस्था मिलाउने । |
| २३ | प्रत्यायोजित विधायन | कुनैपनि निकायले ऐनबाट अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनैपनि स्वरुपका प्रत्यायोजित विधायन जारी नगर्ने । प्रत्यायोजित विधायनहरु जारी गर्नुभन्दा अगाडि कानून मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था लागू गर्ने । | निरन्तर | | |
| २४ | तहगत अधिकार | तहगत अधिकारक्षेत्रमा (संघले प्रदेश र स्थानीय तह र प्रदेशले स्थानीय तह) असर पर्ने विषयमा प्रत्यायोजित विधायन जारी नगर्ने । | | | |
| २५ | विवरण अद्यावधिक | सरकारका अंगहरुले जिम्मेवारी अनुसारका कार्यहरु इमान्दारिताका साथ कार्यान्वयन गरी नियमित रुपमा विवरण/सूचनाहरु अद्यावधिक गरी प्रकाशित गर्ने । | नियमित | | |
| २६ | जग्गाको अभिलेख | सरकारी र सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गर्ने, भूउपयोग वर्गीकरण र भूउपयोग योजना तर्जुमा गर्ने । | नियमित | | |

नेपाल सरकार
सिंहदरबार, काठमाडौं